पूर्वाञ्चल विश्वविद्यालय

**व्यवस्थापन, कला, कानून, शिक्षा, विज्ञान तथा प्रविधि र चिकिसाशास्त्र संकाय**

---

मिति: २०७६/०१/१२

श्री क्याम्पस प्रमुखज्यू
पू. वि. अन्तर्गत संचालित सवै कलेज/क्याम्पसहरु ।

बिपय: **<u>जानकारी सम्वन्धमा ।</u>**

महाशय,

उपरोक्त सम्वन्धमा, कोभिड-१९ का कारण त्यस कलेज/क्याम्पसका शिक्षक, कर्मचारी र अध्ययनरत् सम्पूर्ण बिद्यार्थीहरु बन्दाबन्दीले गर्दा घरमा सुरक्षितसंग रहनु भएको छ भन्ने बिश्वास गर्दछौ । यस बिपम र असहज परिस्थितीको सामना गर्नु पर्ने हामी सवैको बाध्यता छ । तपांइको कलेज/क्याम्पससंग सम्वन्धित शिक्षक, कर्मचारी र बिद्यार्थीहरुलाई कोभिड-१९ को प्रकोपबाट सुरक्षित रहन अनुरोध गर्दै कोभिड-१९ लाई परास्त गर्न सवै एक जुट भएर अगाडी बढ्न समेत आवाह्न गर्दछौ । कोभिड-१९ का कारण त्यस कलेज/क्याम्पसका शिक्षक, कर्मचारी र बिद्याथीहरुलाई कुनै प्रकारको समस्या परेको भए यथाशक्य समाधानका लागि भूमिका खेल्नु हुनेछ भन्ने पनि बिश्वास गर्दछौ ।

कोभिड-१९ को प्रभाव र असर कहिले सम्म रहन्छ भन्ने कुनै निश्चितता नभएका कारण कलेज/क्याम्पसहरुमा पठन पाठन र शैक्षिक गतिविधि बन्द रहेको छ । शैक्षिक गतिविधि लामो समयसम्म बन्द रहदा बिद्यार्थीहरुमा अभ्यास छुट्न जान्छ र सिकाई प्रक्रियामा बाधा उत्पन्न हुन गई शैक्षिक उपलब्धी अपूर्ण हुन जाने हुंदा शिक्षक एवं बिद्यार्थीहरुलाई घरमा नै बसी गर्न सकिने शैक्षिक क्रियाकलाप र रचानात्मक गतिविधिमा संग्लन गरी गराई सम्भव भए सम्म अनलाईन विधि मार्फत् शैक्षिक गतिविधिको व्यवस्था मिलाई संचालन गर्न अनुरोध गर्दछौ । साथै बिश्वबिद्यालयबाट वर्तमान समयमा संचालन भैरहनु पर्ने वा समाप्त भै सक्नु पर्ने परीक्षाहरु कोभिड-१९ को महामारीका कारण स्थगित रहेको सम्बन्धमा परिस्थितीको आंकलन गरेर उपयुक्त समयमा परीक्षाको सम्बन्धमा जानकारी गराईने व्यहोरा अनुरोध छ ।

**कोभिड-१९ बाट आफु पनि बचौं र अरुलाई पनि बचांउ ।**

धन्यबाद ।

संकाय डीनको कार्यालय, बिराटनगर ।
चिकित्साशास्त्र संकाय, गोठगांउ ।
पूर्वाञ्चल विश्वबिद्यालय ।